PAI
pai.org



# यू.यस ग्लोबल हेल्थ एसिस्टेन्स अन्तर्गत ग्लोबल हेल्थ एसिस्टेन्सका प्रतिबन्धहरूमा जीवनलाई सुरक्षित राख्ने कुराको बारेमा तपाईंले के जान्न आवश्यक छ

*गैर-आधिकारिक गाइड*

सेप्टेम्बर 30, 2017

## परिचय

जनवरी २३, २०१७ मा राष्ट्रपती डोनाल्ड ट्रम्पद्वारा "मेक्सिको सिटी नीति सम्बन्धी ज्ञापनपत्र" मा हस्ताक्षर भएको छ। उक्त ज्ञापनपत्रले भूतपूर्व राष्ट्रपती जर्ज डब्लु बुश को शासनकाल (२००१–२००९) मा सञ्चालनमा आएको "मेक्सिको सिटी नीति" लाई पुर्नस्थपित गर्दै बिस्तारित रूपमा सञ्चालनमा ल्यार्‌इएको छ। साथै यसले पुर्नस्थपित ज्ञापनपत्रको आवश्यकता लाई विस्तार गर्नका लागि स्वास्थ्य तथा मानवीय सेवा सचिवालयको समन्वयमा राज्यको प्रमुख सचिवालयलाई अमेरिकी सरकारको सबै विभाग र एजेन्सीद्वारा प्रदान गरिएको योजना कार्यान्वयन गर्न निर्देशन दिएको छ।

यो बिस्तारित "मेक्सिको सिटी नीति" लाई "विश्व स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै" भनी नयाँ नाम दिईएको छ (जसलाई आलोचकहरूले "ट्रम्प ग्लोबल *ग्याग रुल"* पनि भन्ने गरेका छन्)। *यो नीतिले* जबरजस्ती करणी, हाडनाता करणी वा गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा बाहेक गर्भपतन कार्यमा संलग्न (परामर्श लगायत सूचना तथा सल्लाह दिने वा गर्भपतनको लागि प्रेषण गर्ने, गर्भपतनलाई कानूनी मान्यता दिलाउन लबि गर्ने, वा गर्भपतनलाई बढावा दिने आदि कार्य गर्ने गराउने वैदेशिक कुनै पनि गैरसरकारी संस्था (गैरसरकारी संस्था) हरूलाई प्रदान गरिने सरकारी विश्व स्वास।थ्य सहायता अन्तर्गतको अनुदानका साथै गैर सरकारी अनुदान (non US government sources – USG) मा समेत प्रतिबल्ध लगाएको छ। अघिल्लो रिपब्लिकन प्रशासन ले अन्य गैर सरकारी अनुदान USG अन्तर्गत परिवार नियोजनसँग सम्बन्धित अनुदानमा मात्र प्रतिबन्ध लगाएको थियो भने अहिलेको ट्रम्प प्रशासनले सबै प्रकारको गैर सरकारी अनुदानमा प्रतिबन्ध लगाएको छ।

वैदेशिक गैर सरकारी संस्था जसलाई अमेरिकी नीति र कानूनमा अनुबन्धित नभएको गैर सरकारी संस्था (नाफा र गैर नाफामूलक) भनेर पनि सम्बोधन गरिन्छ, त्यस्ता संस्थाहरूले केहि प्रकारका गर्भपतन सम्बन्धी क्रियाकलापमा संलग्न भएता पनि अमेरिकी विश्व स्वास्थ्य सहायता पाउन भने योग्य हुनेछन् यस पुस्तिकामा यस नीतिले लागू गरेका विशेष प्रतिबन्धहरू स्पस्ट पार्ने र जीवन सुरक्षा सम्बन्धी महत्वपूर्ण स्वास्थ्य हेरचाह सेवालाई यस *नीतिले* पार्ने वा पार्नसक्ने प्रभावहरूका बारेमा *भएका* अनावश्यक बृहत व्याख्याहरूलाई बचाउने र संरक्षण दिने प्रयास गरेको छ।

## नीतिको *सीमा*

मे १५, २०१७ बाट लागू हुने गरी, *वैदेशिक* गैर सरकारी संस्थाहरूले निम्नलिखित अति आवश्यक जन स्वास्थ्यका चुनौतिहरू सम्बोधन गर्नका लागि अमेरिकी विश्व स्वास्थ्य सहायता प्राप्त गर्न तत्काल यस नीतिका सर्तहरू स्विकार्नु तथा पालना गर्नुपर्ने छ।

- एच.आई.भि/एड्स तथा एड्सबाट राहतको लागि राष्ट्रपतिको आपतकालिन योजना (President's Emergency Plan for AIDS Relief - PEPFAR)
- क्षयरोग;
- मलेरिया, तथा राष्ट्रपतिको मलेरिया पहल (President's Malaria Initiatives-PMI);
- इन्फ्ल्युएन्जाको महामारी तथा अन्य आकस्मिक जोखिमहरू तथा विश्व स्वास्थ्य सुरक्षा
- उपेक्षित ट्रपिकल रोगहरू तथा अन्य संक्रामक रोगहरू
- सरुवा नहुने रोगहरू
- स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउने
- मातृ तथा शिशु स्वास्थ्य
- परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य
- घरेलु र सामुदायिक पानी, फोहोर मैला व्यवस्थापन तथा स्वच्छता (WASH) को कार्यक्रम; र
- पोषण।

यस नीति *लागू* नहुने इकाईहरू (विस्तृत रूपमा पछाडि वर्णन गरिएको छ)

- अमेरिकी गैर सरकारी संस्थाहरू;
- वैदेशिक सरकारहरू
- एड्स, टि.बी र मलेरिया विरूद्ध विश्व कोष (Global Fund), साथसाथै Gavi, खोप गठबन्धन जस्तै बहुपक्षीय संस्थाहरू र "सार्वभौमिक राष्ट्र सहभागी भएका अन्य बहुपक्षीय संस्थाहरू "।

यस नीति लागू *नहुने* अन्य कार्यक्रम र क्रियाकलापहरू निम्न छन्:

- गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबर्जस्ती करणी वा हाडनाता करणीमा हुने गर्भपतन सेवा वा परामर्श र प्रेषण
- गर्भपतन पश्चातका सेवाहरू वा कानूनी वा गैरकानूनी गर्भपतन पछि भएका क्षति तथा रुग्णताको उपचार
- मानवीय सहायता, विभाग/मन्त्रालय स्थानान्तरण र शरणार्थी सहायताका साथसाथै USAID र रक्षा विभाग, विपत्ति र मानवीय राहतका क्रियाकलापहरू
- शान्तिको लागि आहारा (P.L. ४८०) कार्यक्रमहरू, आकस्मिक राहत र विकासका उद्देश्यका लागि खाद्य सहायता
- आधारभूत स्वास्थ्य अनुसन्धान
- घरेलु उपयोग, विद्यालय, स्वास्थ्य संस्था वा औद्योगिक र व्यापारिक प्रयोजनमा हुने खानेपानी र फोहोर मैला व्यवस्थापनका संरचनात्मक खर्चहरू, साथै राष्ट्रिय नीति निर्माण र शासन सञ्चालन सम्बन्धी क्रियाकलापहरू
- वैदेशिक अमेरिकी विद्यालय तथा अस्पताल कार्यक्रमहरू

अमेरिकी गैर सरकारी संस्थाहरूले अमेरिकी विश्व स्वास्थ्य सहायताको योग्यतालाई जोखिममा नराखी अन्य गैर USG स्रोतहरूबाट प्राप्त आर्थिक सहायताबाट गर्भपतन सम्बन्धी परामर्श, प्रेषण वा वकालतलाई सुचारू राख्न सक्दछन्। यस नीति अन्तर्गत अमेरिकी *गैर सरकारी* संस्थाहरूलाई लगाइएको एक मात्र आवश्यक सर्त भनेको तीनका वैदेशिक गैर सरकारी संस्थाका साझेदारहरूलाई, जो अमेरिकी विश्व स्वास्थ्य सहायताका उपप्राप्तकर्ता छन् उनीहरूलाई यस् नीतिका आवश्यकताका बारेमा जानकारी गराउने दायित्व हो।

## नीति कार्यन्वयन समय निर्धारण

अमेरिकी विश्व स्वास्थ्य सहायता प्राप्त गर्ने अमेरिकी गैर सरकारी संस्थाहरूले अमेरिकी विश्व स्वास्थ्य सहायता पाउनका लागि गरेको सम्झौतामा नयाँ प्रावधानलाई स्वीकार गरेपछि यस *नीतिको* अनुपालना गरी सुनिश्चित गर्नैपर्ने हुन्छ। यो तब लागू हुन्छ जब वैदेशिक गैर सरकारी संस्थाहरूले मे १५, २०१७ वा तत्पश्चात नयाँ आर्थिक कार्यको सामना गर्नेछन्। यो नियम नयाँ अनुदान र सहकार्यमा गरेको सम्झौता वा आर्थिक अवस्था वृद्धि गर्न अवस्थित आर्थिक र सहकार्यमा गरेको सम्झौता संसोधन हुँदा वा नयाँ सहायता थप गर्दा लागू हुनेछ। तत्कालीन सहायता वा सहकार्यमा भएको सम्झौता मा भएका वैदेशिक गैर सरकारी संस्था (अनुदान प्राप्तकर्ता वा उप प्राप्तकर्ता) जसलाई पहिले नै सहायता गर्न अनिवार्य र बाकीं रहेको छ, त्यस्तो अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन।

अमेरिकी गैर सरकारी संस्थाहरूले आफैले नयाँ प्रावधानको कार्यन्वयन गर्ने स्विकारोक्ति अमेरिकी सरकारसंग नगरेसम्म अमेरिकी गैर सरकारी संस्थाहरूले यस *नीतिका* आवश्यकताहरू आफ्ना वैदेशिक गैर सरकारी संस्थाका साझेदारहरूलाई जानकार गराउनु पर्दैन। अमेरिकी गैर सरकारी संस्थाहरूले नयाँ सहायताको सामना, नयाँ सहायताको सम्झौता वा सहकार्यमा सहमति गरेपछि वा नयाँ थप सहायता प्राप्त गर्न अवस्थित सहायता र सहकार्यमा गरेको सम्झौतालाई संसोधन गरेपछि विदेशी गैर सरकारी संस्थाहरूलाई यस नीतिका बारेमा जानकार गराउनु पर्नेछ।

संस्थाहरूले यस नीतिका प्रावधानहरूलाई आफूले पाएका सहायतामा स्वीकार गरेर यस *नीतिको* पालना गर्नुपर्ने हुन्छ। यसको लागि अन्य छुट्टै प्रमाणीकरणको आवश्यकता पर्दैन।

> बहुपक्षीय वा सार्वजनिक अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै विश्व स्वस्थ संगठन (WHO), विश्व जनसंख्या कोष (UNFPA) र अन्य बहुपक्षीय इकाईहरू जस्तै एड्स, टि.बी र मलेरिया विरूद्ध विश्व कोष (Global Fund), साथै GAVI - खोप गठबन्धनलाई, यस *नीतिबाट* छूट दिइएको छ।

## यस नीतिका *कानूनी भाषा*

USG विभाग र एजेन्सीहरू – अमेरिकी सहयोग नियोग (USAID), मन्त्रालय/विभाग, राष्ट्रिय स्वास्थ्य संस्था (NIH), रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) र रक्षा विभाग (DoD) ले - प्रयोगमा ल्याएका कानूनी भाषा अनुसार - वैदेशिक गैर सरकारी संस्थाहरूले अमेरिकी विश्व स्वास्थ्य सहायता पाएको अवधिभर गर्भपतनलाई परिवार नियोजनको साधनको रूपमा प्रयोग वा सक्रिय रूपमा प्रचार वा यस्ता कार्यक्रम गर्ने कुनै पनि वैदेशिक गैर सरकारी संस्थाहरूलाई आर्थिक सहयोग नगर्ने सहमति गर्नुपर्नेछ।

"आर्थिक सहायता" सम्बन्धी अनुच्छेदको दायरामा रहँदै, *यस नीतिले* वैदेशिक गैर सरकारी संस्थाहरूलाई अमेरिकी सरकारको विश्व स्वास्थ्य सहायता अनुदान प्रदान गर्न उचित लगनशीलता, अनुबन्धन र निगरानीका आवश्यकताका बारेमा बृहत जानकारी गराएको छ। *यस नीतिले* अन्य परिस्थितिमा यस कानूनी भाषालाई कसरी लागू गर्न सकिन्छ भन्ने बारेमा कुनै पनि व्याख्या गरेको छैन। आजको दिनसम्म अमेरिकी सरकारले यस बिन्दुमा कुनै पनि औपचारिक निर्देशन दिएको छैन। यद्यपि, PAI ले परामर्श गरेका विभिन्न गैर सरकारी संस्थाहरूका अनुसार, यी भनाईले यस नीतिका पालना गर्ने वैदेशिक *गैर सरकारी* संस्थाहरूले यस नीतिका प्रावधानको उल्लङ्घन गर्ने *जस्ता क्रियाकलाप गर्ने अन्य संस्थालाई वा आफ्नै* क्रियाकलापहरूलाई सहायता गर्न पाउने छैनन् भन्ने बुझिन्छ।

लामो अवधिदेखि निषेधित धेरैजसो गर्भपतन सम्बन्धी क्रियाकलापहरूमा हुने प्रत्यक्ष अमेरिकी वैदेशिक सहायता (1973 Helms संशोधन तथा अन्य वैधानिक प्रतिबन्धहरू) प्रभावमा रहिरहने छन्। [अतिरिक्त विवरणहरूको लागि जाँचसूची हेर्नुहोस्।]

## यस नीतिको अधिन रहने *गैर सरकारी संस्थाहरू*

अमेरिकी सरकारको राष्ट्रिय मिशन, अमेरिकी सहयोग एजेन्सी, अमेरिकी गैर सरकारी संस्था वा स्थानीय साझेदार संस्थाहरू मार्फत विश्व स्वास्थ्य सहायता पाउने विदेशी गैर सरकारी संस्थाहरू (नाफा वा गैर नाफामूलक) ले अन्य अनुदान, सहकार्यमा सम्झौता, उप अनुदानको सम्झौता वा सहायताको अनुबन्ध गर्दा त्यस सहायता यस *नीतिको* सर्त वा अवस्थामा पर्छ वा पर्दैन भनेर गहन समीक्षा गर्नुपर्ने हुन्छ। सहयोगको स्रोत जहाँबाट भएपनी विदेशी गैर सरकारी संस्थाहरूले यस *नीतिको* प्रतिबन्धित क्षेत्रहरूको बाहिर रहेर आफ्ना सबै कार्यहरू सञ्चालन गर्नुपर्ने हुन्छ। सहायतालाई आर्थिक अनुदान मात्र नभनेर प्राविधिक सहायता, आवश्यक तालिम, वस्तुहरू तथा उपकरण भनेर व्याख्या गरिएको छ।

वैदेशिक गैर सरकारी संस्थाहरूसँग हुने अनुबन्धन *अन्ततः यस नीतिभित्र पर्छ*। यद्यपि, अनुबन्धनमा समावेश हुने प्रावधानको निर्माण तथा घोषणा हुन बाँकीं रहेको एकीकृत नियम प्रक्रियाको परिणाम अनुसार हुनेछ जुन कहिले घोषणा हुन्छ निश्चित भैसकेको छैन। सेप्टेम्बर ३०, २०१७ सम्मको अनुबन्धनमा यो *नीति* लागू हुने छैन।

## यस नीतिको अधिन नरहने *गैर सरकारी संस्थाहरू*

वैदेशिक गैर सरकारी संस्थाहरू जसले अमेरिकी सरकारको विश्व स्वास्थ्य सहायता केवल यस सहायताका मुख्य वा उप प्राप्तकर्ताहरूलाई सामान वा सेवाहरू (कम्प्युटर सहायता, व्यवस्थापन र कार्यालय आपूर्ति) बिक्री गर्न पाएका छन्, त्यस्ता गैर सरकारी संस्थाहरूले यस नीतिका प्रावधानहरूको पालना गर्नुपर्ने छैन। अमेरिकी विश्व स्वास्थ्य सहायता प्राप्त गरेको संस्थाहरूको "साधारण प्रशिक्षण कार्यक्रम" मा व्यक्तिगत रूपमा भाग लिने संस्थाहरूलाई पनि यस नीति बाट छुट दिइएको छ (जस्तै, साधारण प्रशिक्षण क्रियाकलापमा संलग्न हुने संस्थाका व्यक्तिगत सहभागीहरू)।

## विदेशी सरकार र बहुपक्षीय संस्थाहरूलाई हुने छूट

विदेशी सरकारको चासो र संरक्षित संस्था अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाहरूलाई यस *नीतिमा* छूट गरिएको छ। यदि सरकारी कार्यक्रमहरूले गर्भपतनलाई परिवार नियोजनको साधनको रूपमा प्रस्तुत गरेका छन् वा अन्य प्रतिबन्धित गर्भपतन सम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् भने त्यस्ता सरकार र संरक्षित संस्थाहरूले अमेरिकी सरकारको सहायता यस्ता प्रतिबन्धित कार्यमा खर्च नहोस् भन्नका लागि USG वैदेशिक सहायता अरुबाट अलग खातामा राख्नुपर्ने हुन्छ। अमेरिकी सरकारको सहायताबाट खरिद गरिएका चिकित्सकीय उपकरण र अमेरिकी सहयोगबाट प्राप्त भएका सेवा र सुविधाहरू पनि गर्भपतन सम्बन्धी सेवाहरूमा प्रयोग गर्न नमिल्ने हुन्छ। सरकारी क्षेत्रलाई सहायता गर्ने वैदेशिक गैर सरकारी संस्थाहरूलाई भने यस *नीतिले* छूट दिएको छैन।

सरकारद्वारा संचालित बृहत स्वास्थ्य सेवा अन्तर्गत गर्भपतन सेवा वा गर्भपतन सम्बन्धी अनुसन्धान गर्ने विश्वविद्यालय र अस्पतालहरू, जस्तै चिकित्सा विद्यालय र शिक्षण अस्पतालहरूलाई यस नीतिले छूट गरेको छ।

अनुसन्धान गर्ने, घटना सम्बन्धी सार्वजनिक सूचना प्रदान गर्ने, असुरक्षित गर्भपतनका कारण र परिणामहरू सार्वजनिक गर्ने र गर्भपतन सम्बन्धी राष्ट्रिय निती विकासमा सहभागी हुने सरकार प्रायोजित सल्लाहकार परिषदलाई पनि यस निति बाट छूट दिर्इएको छ ।

बहुपक्षीय वा सार्वजनिक अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै विश्व स्वस्थ संगठन (WHO), विश्व जनसंख्या कोष (UNFPA) र अन्य बहुपक्षीय इकाईहरू जस्तै एड्स, टि.बी र मलेरिया विरूद्ध विश्व कोष (Global Fund), साथै GAVI - खोप गठबन्धनलाई, यस *नीतिबाट* छूट दिइएको छ ।

## ज्यानको जोखिम, जबर्जस्ती करणी र हाडनाता करणीमा गर्भपतनको भूमिका

गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा गर्भपतन गराउने वैदेशिक गैर सरकारी संस्थाहरू अमेरिकी विश्व स्वास्थ्य सहायता पाउन योग्य हुन्छन् । यस *नीति* अनुसार माथि लेखिएका बाहेक आमाको शारीरिक र मानसिक अवस्था र शिशुको असमान्यता सहितका, अन्य कुनै पनि परिस्थितिहरू आएता पनि गर्भपतन बर्जित गरिएको छ ।

यद्यपि, अमेरिकी स्वास्थ्य सहायता पाएका कुनै वैदेशिक गैर सरकारी संस्थाहरूले जबरजस्ती करणी, हाडनाता करणी वा गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा यस *नीतिले* दिएको अनुमति अनुसार गर्भपतन सेवा प्रदान गर्दा वा गरेमा गैर सरकारी संस्थाहरूले आफ्नो रेकर्डका लागि उक्त परिस्थिति, गर्भपतन गर्न प्रयोग गरेको प्रक्रिया र स्थानीय कानून अनुसारको अनुपालन भएको कुरा उल्लेख गरी अभिलेखीकरण गर्न सक्छन् ।

Vacuum aspiration वा dilation /curettage (D&C) मा प्रयोग हुने उपकरण खरिद वा गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा वा गर्भपात वा गर्भपतनका जटिलताको जोखिमले संस्थालाई USG स्वास्थ्य सहायता पाउनबाट अयोग्य ठहर गर्दैन । यद्यपि, कुनै पनि USG स्वास्थ्य सहायताको रकम यस्ता वस्तुहरू खरिद गर्न वा वितरण गर्ने काममा खर्च गर्न पार्इने छैन ।

## गर्भपतनको परामर्श र प्रेषण

गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा गर्भपतन सम्बन्धी परामर्श र प्रेषण जायज मानिएको छ ।

गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा बाहेक अन्य कारणहरूमा गर्भपतनलाई कानूनी मान्यता दिइएको देशहरूमा महिला र स्वास्थ्य सेवा प्रदायकबीच हुने खुला कुराकानीलाई समेत यस *नीतिले* प्रतिबन्ध लगाएको छ । यदि निम्न लिखित चारैवटा अवस्था भएमा मात्र त्यस्ता देशहरूमा अन्य कारणमा हुने कानूनी मान्यता प्राप्त गर्भपतन सेवा प्रेषण गर्न पाइनेछ।

- महिला गर्भवती हुनुहुन्छ;
- महिलाले गर्भपतन गर्ने "निर्णय गरिसकेको स्पष्टरूपमा उल्लेख गर्नुहुन्छ";
- महिलाले सुरक्षित कानूनी गर्भपतन कहाँ प्राप्त गर्न सकिन्छ भनी "विशिष्टरूपमा सोध्नुहुन्छ"; र
- स्वास्थ्य स्याहार प्रदायकले राष्ट्रको चिकित्सकीय नीतिसँग उहाँलाई सुरक्षित, कानूनी गर्भपतन उपलब्ध गराउन आवश्यक गरेको विश्वास गर्ने कारण छ।

गर्भपतन सम्बन्धी परामर्श र प्रेषण को प्रतिबन्ध नहुने एक थप छूट यस *नीतिमा* समावेश गरिएको छ । गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा बाहेक अन्य कारणले हुने गर्भपतनमा यदि स्थानीय कानून अनुसार परामर्श वा प्रेषण गर्ने सेवा प्रदायकको "कर्तब्य" रहेको परिस्थितिमा विदेशी गैर सरकारी संस्थाहरूले USG सहायताको योग्यताको जोखिममा रहनु पर्ने छैन । यस छूट लागू हुनेमा र उपयोग मा आउनेमा प्रश्नचिन्ह लागेको छ र वर्तमान राष्ट्रिय कानूनमा अवस्थित प्रावधानमा निर्भर पर्ने छ । यद्यपि, विदेशी गैर सरकारी संस्थाहरूलाई राष्ट्रिय र स्थानीय तहमा यो छूट लागू छ वा छैन थाहा पाउन USG प्रदान गरेको संस्थाको कर्मचारी वा त्यस देशका अन्य USG सहायता साझेदारहरुसँग विचार-विमर्श गर्न प्रोत्साहन गरिएको छ ।

## गर्भपतनमा लबिंग

US विश्व स्वास्थ्य सहायता पाएका वैदेशिक गैर सरकारी संस्थाहरूले गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणी जस्ता अवस्था बाहेकका अन्य अवस्थामा हुने गर्भपतन सेवालाई कानूनी बनाउन सरकारसंग लबिंग गर्न वा कानूनी गर्भपतनलाई जारी राख्न लबिंग गर्न पाउने छैनन् ।

साथै, यु. एस. विश्वब्यापी स्वास्थ्य सहायता प्राप्त गर्ने वैदेशिक गैरसरकारी संस्था हरूले जीवनलाई खतरा पुग्नसक्ने । अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा बाहेक गर्भपतन को फाइदा र/वा गर्भपतनको उपलब्धता बारे सार्वजनिक सूचना वा जानकारीहरू सञ्चालनमा ल्याउन पाउने छैनन् । यद्यपि, तल बताए अनुरूप केही गैर सरकारी संस्थाहरूले (USG सहायता नपाएका अमेरिकी गैर सरकारी संस्था वा वैदेशिक गैर सरकारी संस्थाहरू) गर्भपतन सम्बन्धी जनसांख्यिकीय र स्वास्थ्य अनुसन्धान (Demographic and Health Research) को प्रयोग गरी यसलाई आधार बनाएर गर्भपतनलाई कानूनीकरण गर्न विदेशी सरकारसँग लबिंग गर्ने कुराहरूलाई यस *नीतिले* बहिष्कार गरेको छैन ।

## गर्भपतन पश्चात हुने जटिलताको उपचारार्थ तालिम तथा उपकरण

अमेरिकी सरकारको नीतिले वैदेशिक गैर सरकारी संस्थाहरूलाई कानूनी वा गैरकानूनी गर्भपतनबाट भएका क्षति वा रुग्णताहरूको उपचार, उदाहरणको लागि गर्भपतन पश्चातको उपचार (post abortion care) गर्न स्पष्ट अनुमति दिएको छ । संस्थाहरूलाई गर्भपतन पश्चातका जटिलताको उपचार आफैले गर्न (उदाहरणको लागि, सेप्टिक वा अधुरो गर्भपतन) वा ग्राहकलाई उपचार गर्न सहयोग गर्ने (उदाहरणको लागि महिलालाई अस्पतालसम्म साथी आइदिन) आग्रह गरिएको छ ।

**अमेरिकी सरकारको नीतिले वैदेशिक गैर सरकारी संस्थाहरूलाई कानूनी वा गैरकानूनी गर्भपतनबाट भएका क्षति वा रुग्णताहरूको उपचार, उदाहरणको लागि गर्भपतन पश्चातको उपचार (POST ABORTION CARE) गर्न स्पष्ट अनुमति दिएको छ ।**

अमेरिकी सहयोग नियोग (USAID) को सहयोगले गर्भपतन पश्चातको उपचारमा सेवा प्रदायकको तालिम मा सहयोग गर्न, उपचार गर्न र अन्य प्राविधिक सहयोग गर्न सकिने छ । तर एजेन्सीको निती अनुसार, USAID को सहयोगबाट Manual Vacuum aspiration (MVA) खरिद गर्न वा गर्भपतनपछिको स्याहारको प्रावधानको लागि औषधि वा अन्य केही खरिद गर्न पाइने छैन । यद्यपि, MVA वा गर्भपतन पश्चातको उपचारका अन्य सामग्री खरिद गरी USAID को लागत साझेदारी (cost sharing) आवश्यकताको अनुपालना गर्न गैर सरकारी संस्थाहरूले प्रयोग गर्ने गैर अमेरिकी सहायतामा प्रतिबन्ध लगाइएको छैन ।

## गर्भपतन पश्चातका गर्भ निरोधक साधनको परामर्श र सेवा

गैर सरकारी संस्थाहरूले अमेरिकी सहायताबाट गैरकानूनी गर्भपतन सहितका अन्य स्वाभाविक वा प्रेरित गर्भपतन गराएका महिलाहरूलाई गर्भ निरोधक परामर्श दिन पाउने छन् । गर्भपतन पश्चात का गर्भ निरोधक साधन वा प्रजनन् स्वास्थ्य सेवा सुविधा प्रदान गर्ने संस्थाहरूले स्वास्थ्य सेवा प्रदायक सहित अन्य वैदेशिक गैर सरकारी संस्थाहरूसंग छलफल र समन्वयन गर्न सक्नेछन् ।

## गर्भपतनमा बायोचिकित्सकीय अनुसन्धान

१९८१ मा अमेरिकी कांग्रेसद्वारा लागू गरिएको प्रतिबन्धित कानून अनुसार – अमेरिकी गैर सरकारी संस्था र वैदेशिक गैर सरकारी संस्थाहरू दुबैले US विश्व सहायताको रकम गर्भपतनको बायोचिकित्सकीय अनुसन्धानमा खर्च गर्न पाउंदैनन् । अमेरिकी गैर सरकारी संस्थाहरूले अन्य श्रोतबाट प्राप्त रकम यस्ता अनुसन्धानमा खर्च गर्न पाउंनेछन् ।

यस *नीतिको* कार्यान्वयनको प्रावधानमा अनुसन्धानका प्रकारहरूलाई विशेष उल्लेख गरिएको छैन । यद्यपि, प्रावधानमा "सक्रिय रूपमा गर्भपतनलाई बढावा दिने" विषयको व्याख्या विस्तृत भन्दा पनि उदाहरणात्मक रहेको छ (समावेश गरिएका तर माथिका कार्यक्रमहरूमा सिमित नगरिएका) । विदेशी गैर सरकारी संस्थाहरूले बायोचिकित्सकीय अनुसन्धान गरेमा, अनुसन्धानको श्रोत जहाँबाट भएपनि त्यस्ता गैर सरकारी संस्थाहरू ग्क्ृ ज्भबतिज ब्ककष्कतबलअभ को लागि अयोग्य ठहरीने जनाएको छ ।

## गर्भपतनमा जनसांख्यिक र स्वास्थ्य अनुसन्धान

गर्भपतन सम्बन्धी केहि प्रकारका अनुसन्धानमा संलग्न भएका विदेशी गैर सरकारी संस्थाहरूले विश्व स्वास्थ्य सहायता नपाउने जोखिम बेहोर्नुपर्ने छैन । यसको अतिरिक्त, ग्राहकको गर्भपतनको नियमित जानकारी लिनका लागि, संस्थाहरूले गर्भपतनका घटनाहरू र त्यसका कारण, असुरक्षित गर्भपतनबाट भएको मृत्युदर र यसका हानिनोक्सानी र गर्भपतनको स्वास्थ्य हेरचार प्रशुती प्रणालीमा हुने खर्चको विवरण राख्न सक्छन् । यस्ता प्रकारका ईपिडेमियोलोजिकल वा बिबरणात्मक अनुसन्धान गर्नकालागि अमेरिकी सरकार को आर्थिक सहयोग लिन सकिनेछ ।

विश्व स्वास्थ्य सहायता पाएका वैदेशिक गैर सरकारी संस्थाहरूले यस्ता अनुसन्धानका परिणाम (अमेरिकी सरकारले सहयोग गरेको वा नगरेको कुनै पनि) वा अन्य अनुसन्धानका परिणामहरू ज्यानको जोखिम, जबर्जस्ती करणी वा हाडनाता करणी बाहेक अन्य गर्भपतनका कुरामा लबिंग गर्न वा कानूनी गर्भपतन सम्बन्धी अभियान गर्न वा कानूनी गर्भपतन जारी राख्नेजस्ता क्रियाकलापमा प्रयोग गर्न पाउने छैनन् । तर अन्य संस्थाहरूले गर्भपतन कानून सुधार गर्न लागू गरेको अनुसन्धानमा सहभागी हुँदा संस्थाहरूले USG विश्व स्वास्थ्य सहायता नपाउने जोखिममा बस्नु पर्ने हुँदैन। यसका अतिरक्त, गर्भपतनमा जनसांख्यिकीय र स्वास्थ्य अनुसन्धानका परिणामहरू गर्भपतन कानूनको उदारीकरण वा प्रस्ताव गर्न प्रयोग नगरेसम्म यस्ता अनुसन्धानका परिणामको सार्वजनिक प्रकाशन गर्न विदेशी गैर सरकारी संस्थाहरूलाई

**गैर सरकारी संस्थाहरूले अमेरिकी सहायताबाट गैरकानूनी गर्भपतन सहितका अन्य स्वाभाविक वा प्रेरित गर्भपतन गराएका महिलाहरूलाई गर्भ निरोधक परामर्श दिन पाउने छन् ।**

छूट दिइएको छ (उदाहरणको लागि, विदेशी गैर सरकारी संस्थाहरू आफैले प्रकाशन वा वितरण गरेको जर्नल लेखहरू वा अन्य प्रकाशनहरू) ।

## स्वास्थ्यमा कार्यक्रमीय र संचालकीय अनुसन्धान

प्रावधानमा स्पष्ट व्याख्या वा सम्मिलित नगरिएतापनि "वैज्ञानिक अनुसन्धान, कार्यक्रमिय वा कार्यक्रम संचालकीय अनुसन्धान, सर्वेक्षण, मूल्याङ्कन र अमेरिकी सरकारको न्यिदब विश्व स्वास्थ्य सहायता लाई सुधार गर्न क्षमता अभिवृद्धि" जस्ता क्रियाकलापमा संलग्न हुने वैदेशिक गैर सरकारी संस्थाहरूले राज्य विभागको प्रेस निर्देशन अनुसार आफ्नो सम्झौतामा यस *नीतिका* प्रावधानहरू स्विकार गर्नपर्ने हुन्छ ।

## गर्भनिरोधको प्रावधान

*यस नीतिले* संयुक्त राज्य खाद्य तथा औषधि प्रशासन (FDA) बाट अनुमती प्राप्त आकस्मिक गर्भनिरोध सहितका अन्य कुनै पनि उपलब्ध गर्भनिरोधक साधन प्रदान गर्ने विदेशी गैर सरकारी संस्थाहरूलाई निषेधित गरेको छैन । विश्व स्वास्थ्य सहायता पाएका सबै विदेशी गैर सरकारी संस्थाहरूले गर्भनिरोधक साधनको परामर्श, गर्भनिरोधक साधन र सेवा वितरण गर्न र स्थानीय कानून र नीति अनुसार गर्भनिरोधक साधनसम्बन्धी जागरुकताको प्रचार गर्न पाउनेछन् ।

## प्राविधिक सहायता

यस *नीति* अनुसार अन्य संस्थाहरूलाई सहयोग प्रदान गर्नुलाई सहयोग प्रदान गर्ने भनेको जस्तै प्राविधिक सहायताको प्रावधानलाई स्रोत साधनको प्रतिबद्धता भनेर लेखिएको छ । संस्थाहरूबीच प्राविधिक सहायता सम्बन्ध भन्नाले सीप स्थानान्तरण गर्ने र सहयोग प्राप्तकर्ता गैर सरकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने अनवरत र पर्याप्त सम्बन्ध भनेर बुझाइएको छ । यद्यपि, संस्थाहरूबीच हुने अनियोजित अन्तरक्रियालाई (उदाहरणको लागि, भेटवार्ता, परामर्श, तथ्यांक संकलन वा अन्तर्वार्ता) प्रतिबन्धको घेरामा लिएर नआउने व्याख्या गरिएको छ ।

## व्यक्तिगत बनाम संस्थागत कार्य

यस नीतिका प्रतिबन्धहरू केवल संस्थाहरूलाई लागू हुनेछ । यस *नीति* पालना गरेका वैदेशिक गैर सरकारी संस्थामा कार्यरत व्यक्तिले यस्ता क्रियाकलापहरूमा आफ्नो निजी क्षमता अनुरूप संलग्न हुन सक्नेछन् । यस्ता क्रियापलपहरूमा संस्थागत रूपबाट संलग्न हुन प्रतिबन्ध लगाइएको छ । एक व्यक्तिले यस्ता प्रतिबन्धित क्रियाकलापहरूमा तब संलग्न हुन पाउँछन् जब "ती व्यक्ति आफ्नो कार्यालय अवधिभित्र हुँदैनन् वा आफ्नो संस्थाको परिसर मा हुँदैनन्", संस्थाले त्यस्ता कार्यलाई समर्थन वा सहयोग गरेको हुदैन र त्यस्ता व्यक्तिले संस्थाको तर्फबाट "अनुचित प्रतिनिधित्व" नगरुन भन्नका लागि संस्थाले उपयुक्त कदम चालेको हुन्छ । [माथि व्याख्या गरिएका गैरसरकारी संस्था-सम्बद्ध व्यक्तिहरूको प्रशिक्षणको अपवाद पनि हेर्नुहोस्।]

## अनुपालना र निगरानीको जिम्मेवारी

US विश्व स्वास्थ्य सहायता पाएका अमेरिकी गैर सरकारी संस्थाहरूलाई आफ्ना वैदेशिक गैर सरकारी संस्थाका साझेदारहरूलाई यस *नीतिका* बारेमा जानकारी गराउने र साझेदारहरूले यस *नीतिको* अनुपलना गरेको वा नगरेको निगरानी गर्ने जिम्मेवारी रहेको छ । वैदेशिक गैर सरकारी संस्थाहरूलाई अमेरिकी सरकारबाट प्रत्यक्ष US विश्व स्वास्थ्य सहायता पाउदा यो *नीतिलाई* आफैले अनुपालना गर्नुपर्ने, आफूबाट US विश्व स्वास्थ्य सहायता का उप प्राप्तकर्ता अन्य वैदेशिक गैर सरकारी संस्थाहरूलाई यस नीतिका बारेमा जानकारी गराउनु पर्ने र साझेदारहरूले यस *नीतिको* अनुपालना गरेको वा नगरेको निगरानी गर्नुपर्ने जिम्मेवारी रहेको छ ।

निम्न लिखित कार्यहरू अनुपालना सुनिश्चित गर्ने कदमका रूपमा लिन सकिन्छ:

- प्रारम्भिक प्रस्ताव निर्माण चरणको क्रममा वैदेशिक गैर सरकारी संस्थाहरूलाई छानविन गर्ने प्रक्रियाको विकास गरेर
- USG स्वास्थ्य सहायता पाउन वैदेशिक गैर सरकारी संस्था सक्षम भएको पुष्टिकरण गरेर र *नीतिका* प्रावधानहरू अनुपालन गर्ने सम्झौता *अन्तिम* हस्ताक्षर गरिने सहायता सम्झौतामा समावेश गरेर
- वैदेशिक गैर सरकारी संस्थाहरूले यस *नीतिको* अनुपालन गरेका छन् भनेर सुनिश्चित हुनका लागि यथोचित समीक्षा गरेर
- देश भित्रका, क्षेत्रीय वा मुख्यालयका कर्मचारीबाट निगरानीमूलक क्षेत्र भ्रमण (फिल्ड भिजिट) र अनुपालना जाँचसूची र/वा परियोजना प्रगति रिपोर्टमा अनुपालनको रिपोर्टिङ सहित, परियोजनाहरू सूचारू भइरहेको बेला निरन्तर रूपमा अनुपालनित निगरानी गरेर;
- नियमावली र अन्य जानकारीमूलक सामग्रीको उत्पादन र वितरण सहित कर्मचारीहरूलाई *नियम सम्बन्धी शिक्षा र तालि*म प्रदान गरेर; र
- शङ्कास्पद उल्लङ्घन पहिचान गरी सुधारात्मक कार्य गर्नका लागि सङ्गठनात्मक प्रोटोकलको निर्माण गरेर।

## थप जानकारी

**यो ब्रोसरमा रहेको जानकारीको स्रोतहरूमा निम्न कागजातहरू पर्दछन्:**

- "मेक्सिको सिटी प्रहरी—अन्तर्राष्ट्रिय विकासको लागि अमेरिकी एजेन्सीको प्रशासक र स्वास्थ्य तथा मानव सेवाहरूको सचित र राज्य सचिवको लागि ज्ञापन-पत्र," जनवरी 23, 2017। https://www.whitehouse.gov/the-press-office/2017/01/23/presidential-memorandum-regarding-mexico-city-policy

- राज्य विभाग तथ्य पाना (https://www.state.gov/r/pa/prs/ps/2017/05/270866.htm) र वरिष्ठ प्रशासन अधिकारीहरूद्वारा पृष्ठभूमि ब्रिफिङको ट्रान्सक्रिप्ट (https://www.state.gov/r/pa/prs/ps/2017/05/270879.htm), मे 15, 2017।

- अमेरिकी राज्य विभाग, जनसङ्ख्या, शरणार्थीहरू र आप्रवासनको ब्यूरो, "विश्वब्यापी स्वास्थ्य सहायतामा जीवनको सुरक्षाको कार्यान्वयन (जसलाई विगतमा "मेक्सिको सिटी नीति") भनेर चिनिन्थ्यो", PRM पत्रकार निर्देशन, मे 15, 2017। https://pai.org/wp-content/uploads/2017/09/FINAL-MCP-Press-Guidance_2017-05-14.pdf

  *निम्नसहित नीति*को आन्तरिक सन्देशहरूको कार्यान्वयन:

  - अमेरिकी राज्य विभाग, प्रशासन ब्यूरो, अधिप्राप्ति अधिकारीको कार्यालय, "विश्वब्यापी स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै", संघीय सहायता व्यवस्थापन सल्लाहकार सङ्ख्या 2017-01, मे 15, 2017। https://pai.org/wp-content/uploads/2017/09/FAMA-2017_01-Protecting-Life-in-Global-Health-Assistance.pdf

  - USAID, कार्यकारी सचिव, "विश्वब्यापी स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै को कार्यान्वयन (जसलाई विगतमा मेक्सिको सिटी" नीति भनेर चिनिन्थ्यो)", USAID/साधारण सूचना, मे 15, 2017। https://pai.org/wp-content/uploads/2017/09/Implementation-of-Protecting-Life-in-Global-Health-Assistance_USAIDGeneral-Notice.pdf

- नीतिलाई कार्यान्वयन गर्ने परिशोधनसहित, गैरसरकारी संस्थाहरूसँगको USAID सहमतिहरूसहित मानक *प्रावधानहरू* "गैर-अमेरिकी, गैरसरकारी प्रापकहरूको लागि अनिवार्य मानक प्रावधानहरू" मा रहेको U.S., USAID, "विश्वब्यापी स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै (मे 2017)" खण्ड (पृष्ठहरू 83-93) हेर्नुहोस्। https://www.usaid.gov/sites/default/files/documents/1868/303mab.pdf

- गैरसरकारी संस्था र अन्य सान्दर्भिक अमेरिकी विभाग तथा एजेन्सीहरूको विश्वब्यापी स्वास्थ्य सहायता सम्झौताहरूको बीचमा सामेल हुनुपर्ने प्रावधानहरूको पूर्ण पाठको लागि, कृपया हेर्नुहोस्:
  - राज्य विभाग: https://www.state.gov/documents/organization/271867.pdf
  - NIH: https://grants.nih.gov/policy/protecting-life-global-health-assistance.htm
  - CDC: https://www.cdc.gov/grants/additionalrequirements/ar-35.html

- गर्भपतनसँग सम्बन्धित USG वैदेशिक सहायतामाथि हालको नियामक र नीति प्रतिबन्धहरूको लागि, https://www.usaid.gov/what-we-do/global-health/cross-cutting-areas/legislative-policy-requirements मा गर्भपतन प्रतिबन्धहरूको USAID वेबसाइट हेर्नुहोस्

- स्वयंसेवा र सूचित विकल्प सुरक्षाहरूको लागि, https://www.usaid.gov/what-we-do/global-health/family-planning/voluntarism-and-informed-choice मा USAID वेबसाइट हेर्नुहोस्

- विश्वब्यापी स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै को लागि विश्वब्यापी स्वास्थ्य इ-सिकाई केन्द्र प्रमाणीकरणको लागि, https://www.globalhealthlearning.org/course/protecting-life-global-health-assistance-and-statutory मा जानुहोस्

विश्वब्यापी स्वास्थ्य सहायतालाई असर गर्ने USG प्रतिबन्धहरूको आधिकारिक स्पष्टीकरणको लागि, संस्थाहरूले प्रत्यक्षरूपमा USG विभाग वा सहायता गरेको एजेन्सीसँग प्रत्यक्ष परामर्श लिनुपर्छ। यसमा वाशिङ्गटन महाशाखा र फिल्ड मिशनहरूमा भएका कर्मचारीको सम्पर्कहरू पनि पर्दछन्।

यो संक्षेपमा तोकिएका वा सन्दर्भ गरिएका कागजातहरूको प्रतिलिपिहरूको लागि, विद्यमान USG नीतिहरू बुझ्नमा सहायताको लागि वा नीति *कार्यान्वयन गरेका संस्थाहरूको अनुभवको बारेमा जानकारी पेश गर्नको लागि*, कृपया PAI लाई PLGHA@pai.org मा इमेल गरेर वा
(२०२) 557-3400 मा फोन गरेर सम्पर्क गर्नुहोस्।

**अस्वीकरण**

यस ब्रोसरमा रहेको कुनै पनि जानकारीलाई आपत्तिजनक वा PAI, यसको सञ्चालक समिति वा नीतिको कर्मचारीको *तर्फबाट लादिएको विज्ञापन* वा USG द्वारा यसको कार्यान्वयन र सम्पादन भनी व्याख्या गरिनेछैन।

यस ब्रोसरका सामग्रीहरू साधारण जानकारीको लागि मात्र हुन् र कानूनी सल्लाह निर्माण गर्दैनन्। लोक-कल्याणार्थ कानूनी सुझाव पनि उपलब्ध छ। *नीतिमा* गैरसरकारी संस्थालाई सुझाव दिनका लागि अधिवक्ताहरूसँग जोडिनका लागि कृपया PAI लाई सम्पर्क गर्नुहोस्।

साथै, गैरसरकारी संस्थाहरूले गैर-USG वित्त व्यवस्थित क्रियाकलापहरूको लागि *नीति*को व्यवहारिकता निर्धारण गर्नको लागि आफ्ना गैर-USG दाता र वित्त व्यवस्था सहमतिहरूसँग परामर्श लिनुपर्छ।

# नीति *प्रतिबन्धहरू* लागू हुन्छन्?

| हुन्छन् | हुँदैनन् |
|---|---|
| **सहायता कार्यक्रमहरू*** | |
| • एच.आई.भी./एड्स तथा एड्सबाट राहतको लागि राष्ट्रपतिको आपतकालिन योजना (PEPFAR)<br>• क्षयरोग<br>• मलेरिया, तथा राष्ट्रपतिको मलेरिया पहल (President's Malaria Initiatives-PMI)<br>• इन्फ्ल्युएन्जाको महामारी तथा अन्य आकस्मिक जोखिमहरू तथा विश्व स्वास्थ्य सुरक्षा<br>• उपेक्षित ट्रपिक रोग र अन्य संक्रामक रोगहरू, नहुने रोगहरू र स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउने सहित अन्य सार्वजनिक स्वास्थ्य जोखिमहरू<br>• सामुदायिक र गृहस्थी-स्तरमा पानी, सरसफाई र स्वास्थ्य (WASH) सहित मातृ तथा शिशु स्वास्थ्य<br>• परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य<br>• पोषण | • राज्य विभाग आप्रवासन र शरणार्थी सहायता तथा USAID र रक्षा विभाग विपत्ति तथा मानवीय राहतसहित मानवीय सहायता<br>• विकास सहायता<br>• पानी तथा सरसफाई पूर्वाधार र विकास सहायताद्वारा वित्त व्यवस्था गरिएका सेवाहरू<br>• खाना सहायता (P.L. 480)<br>• वैदेशिक अमेरिकी विद्यालय तथा अस्पताल कार्यक्रमहरू |
| **बजेट वा विनियोजन खाताहरू** | |
| • विश्वव्यापी स्वास्थ्य कार्यक्रमहरू (GHP)<br>• एच.आई.भि/एड्स तथा एड्सबाट राहतको लागि राष्ट्रपतिय आपतकालिन योजना (PEPFAR)<br>• आर्थिक सहायता कोष (ESF)<br>• पूर्वी युरोप, युरेशिया र मध्य एसियाको लागि सहायता (AEECA) | • विकास सहायता (DA)<br>• आप्रवासन तथा शरणार्थी सहायता (MRA)<br>• अन्तर्राष्ट्रिय विपत्ति सहायता (IDA)<br>• शान्तिको लागि आहरा शीर्षक II अनुदानहरू (P.L. 480)<br>• संयुक्त राज्य आकस्मिक आप्रवासन तथा शरणार्थी सहायता कोष (ERMA) |
| **संस्था तथा इकाईहरू** | |
| • दुबै नाफामूलक र गैर-नाफामूलक को लागि वैदेशिक गैरसरकारी संस्थाहरू | • वैदेशिक सरकारहरू<br>• बहुपक्षीय संस्थाहरू<br>• संयुक्त राज्य गैरसरकारी संस्थाहरू<br>• एड्स, टि.बी र मलेरिया विरूद्ध विश्व कोष (Global Fund), साथसाथै Gavi, खोप गठबन्धन |
| **वैदेशिक गैरसरकारी संस्थाहरूको लागि सहायता उपकरणहरू** | |
| • अनुदानहरू<br>• सहकारी सम्झौताहरू<br>• सम्झौता अन्तर्गत अनुदानहरू<br>• सम्झौताहरू (९/३०/१७ को जस्तो बलपूर्वक होइन) | • वैदेशिक सरकारबाट उपदानहरू<br>• भौतिक सामान वा सेवाहरूको लागि विश्वव्यापी स्वास्थ्य सहायताको प्रावधानसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका सामानहरू खरिद गर्नुहोस् (उदाहरण शिपिङ) |
| **सहायता र समर्थनका प्रकारहरू** | |
| • वित्त व्यवस्था<br>• प्राविधिक सहायता<br>• जिन्सी समान<br>• फेलोशिपहरू<br>• उपकरणहरू<br>• प्रशिक्षण (अधिकांश—विशेषगरी संस्थागत क्षमता वृद्धि गरेमा | • ऋणहरू<br>• सीमित अवधिको लागि न्यूनतम सम्पर्कहरू (उदाहरणको लागि परामर्श, अन्तरवार्ता, डाटा संकलन, छपाइहरू)<br>• खरिद गरिएको सामान वा सेवा (उदाहरणको लागि कम्प्युटर, व्यवस्थापन, कार्यालय आपूर्तिहरू) |
| **समर्थनको व्यक्तिगत प्रापकहरू** | |
| • गैरसरकारी संस्थाको नाममा कार्यरत गैरसरकारी संस्थासँग सम्बद्ध व्यक्ति<br>• तदनुकूल प्रशिक्षणमा सहभागी हुने गैरसरकारी संस्थासँग सम्बद्ध व्यक्तिहरू | • आफ्नो निजी क्षमताहरूमा कार्यरत गैरसरकारी संस्थासँग सम्बद्ध व्यक्तिहरू<br>• "साधारण प्रशिक्षण कार्यक्रममा सहभागी हुने गैरसरकारी संस्थासँग सम्बद्ध व्यक्तिहरू" |

** अमेरिकी राज्य विभाग, प्रशासन ब्यूरो, अधिप्राप्ति अधिकारीको कार्यालय, "विश्वव्यापी स्वास्थ्य सहायतामा जीवनको रक्षा गर्दै", संघीय सहायता व्यवस्थापन सल्लाहकार सङ्ख्या २०१७-०१, मे १५, २०१७ र वैदेशिक सहायता मानकीकृत कार्यक्रम संरचना अन्तर्गत स्वास्थ्य वर्ग हेर्नुहोस् (https://www.state.gov/f/releases/other/255986.htm#HL)*

# *नीति* वा विद्यमान कानूनअन्तर्गत जायज मानिएको गर्भपतन-सम्बन्धित क्रियाकलापहरू

## कुञ्जी

✔ १९७३ Helms संशोधन, *नीति* वा अन्य लागूयोग्य वैधानिक प्रतिबन्धहरूमध्ये एक अन्तर्गत अनुमति दिइएको क्रियाकलाप।

☆ विद्यमान कानून र नीतिअन्तर्गत अनुमति दिइएको तर अमेरिकी गैरसरकारी संस्थाले वैदेशिक गैरसरकारी संस्थामा मध्यस्थताकर्ताको रूपमा निर्भर नभई सेवाग्राहीहरूलाई प्रत्यक्ष सेवा प्रदान गर्नेछन् वा छैनन् वा कति समयको अन्तरालमा गर्नेछन् (गरेपनि) भन्ने अस्पष्ट रहेको छ।

✱ केही निकै विशिष्ट अवस्थाहरू अन्तर्गत मात्र अनुमति दिइएको क्रियाकलाप ("निष्क्रिय सिफारिसहरू" को थप विस्तृत छलफलको लागि ब्रोसरको पाठ हेर्नुहोस्)।

✣ यस *नीतिको* कार्यान्वयनको प्रावधानमा अनुसन्धानका प्रकारहरूलाई विशेष उल्लेख गरिएको छैन। तथापि, प्रावधानमा "सक्रिय रूपमा गर्भपतनलाई बढावा दिने" विषयको व्याख्या विस्तृत भन्दा पनि उदाहरणात्मक रहेको छ (समावेश गरिएका तर निम्न कार्यक्रमहरूमा सिमित नगरिएका)। विदेशी गैर सरकारी संस्थाहरूले बायोचिकित्सकीय अनुसन्धान गरेमा, अनुसन्धानको श्रोत जहाँबाट भएपनि त्यस्ता गैर सरकारी संस्थाहरू ग्क्र ज्भबतिज ब्ककष्कतबलअभ को लागि अयोग्य ठहरीने जनाएको छ। साथै, आवेदन, *नीति*देखि कार्यान्वयन विज्ञान र सञ्चालन अनुसन्धानको छलफलको लागि पनि ब्रोसरको पाठ हेर्नुहोस।

**गैरसरकारी संस्थाहरूले जायज क्रियाकलापहरूको व्यवहारिकता निर्धारण गर्नको लागि आफ्ना गैर-USG दाता र वित्त व्यवस्था सहमतिहरूसँग परामर्श लिनुपर्छ।**

## क्रियाकलापको प्रकार

**गर्भपतनको कार्यसम्पादन**

- गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्नसक्ने अवस्थामा, जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थाहरूमा गर्भपतन गर्ने
- विस्तृत स्वास्थ्यको आधारहरू (शारीरिक तथा मानसिक), "भ्रुणको असामान्यताहरू" र आर्थिक-सामाजिक कारणहरू वा अनुरोधसहित अन्य संकेतहरूको लागि गर्भपतन गर्ने

**परामर्श र सिफारिसहरू**

- कानूनी भएमा, गर्भपतनको सिफारिस गर्ने
- गर्भपतनको बारेमा परामर्श दिने
- गर्भपतन पश्चातका गर्भ निरोधक साधनको परामर्श, सिफारिस र सेवाहरू

**जनमत तयार गर्ने**

- वैदेशिक सरकारलाई जीवनको खतरा, जबरजस्ती करणी वा हाडनाता करणीबाहेकको अन्य कारणहरूको लागि गर्भपतनलाई कानूनी मान्यता दिन वा "कानूनी बनाउन जारी राख्न" को लागि जनमत तयार गर्नुहोस्
- "सार्वजनिक जानकारी अभियान सञ्चालन गर्नुहोस्। जीवन खतरामा पुग्ने अवस्थामा वा जबरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा बाहेक गर्भपतन को फाइदा र/वा गर्भपतनको उपलब्धता बारे

**गर्भपतन-पश्चातको स्याहार**

- म्यानुअल भ्याकुम निश्वास (MVA) किटहरू खरिद गर्ने वा वितरण गर्ने
- गर्भपतन पश्चातका जटिलताहरूको उपचारको लागि चिकित्सकीय कार्मचारीहरूको प्रशिक्षण (उदाहरणको लाहि सेप्टिक वा अधुरो गर्भपतनहरू)
- गर्भपतन-पश्चातको स्याहारको लागि MVA किटहरू सहित लजिस्टिक्स प्रणालीहरूलाई बलियो बनाउनका लागि सहायता उपलब्ध गराउने

**अनुसन्धान ✣**

- गर्भपतनको बारेमा बायोचिकित्सकीय अनुसन्धान सञ्चालन गर्ने
- गर्भपतनको जनसांख्यिकीय, इपिडेमियोलोजिकल वा सामाजिक विज्ञान अनुसन्धानमा संलग्न हुने

| वैदेशिक गैरसरकारी संस्था | | अमेरिकी गैर सरकारी संस्था | |
|---|---|---|---|
| USG सहायता | गैर-USG सहायता | USG सहायता | गैर-USG सहायता |
| ✔ | ✔ | ☆ | ☆<br>☆ |
| ✱<br>✔ | ✱<br>✔ | ✔<br>✔<br>✔ | ✔<br>✔<br>✔ |
| | | | ✔<br>✔ |
| ✔<br>✔ | ✔<br>✔<br>✔ | ✔<br>✔ | ✔<br>✔<br>✔ |
| ✔ | ✣<br>✔ | ✔ | ✔<br>✔ |

## PAI को बारेमा

PAI च्याम्पियन्स नीतिहरूले महिलालाई आफ्नो प्रजनन् अधिकारहरूको प्रयोग गर्न सम्भव गराउँछन् र महिलाहरू र उनीहरूलाई आवश्यक स्याहारको बीचमा रहेको नीतिगत बाधालाई हटाउन संघर्ष गर्छन्। हामी महिलाहरूको प्रजनन् अधिकारहरूलाई विकसित गर्नको लागि वाशिङ्गटनमा नीति निर्माताहरू र विश्वब्यापी दक्षिणमा साझेदारहरूको सञ्जालसँग कार्य गर्छौं। १९६५ मा स्थापना गरिएको, PAI एक निजी गैर-नाफामूलक समूह हो र कुनै सरकारी कोषहरू स्वीकार गर्दैन।

नीतिको बारेमा थप जानकारीको *लागि*, www.pai.org मा जानुहोस्।

**CHAMPIONS OF GLOBAL REPRODUCTIVE RIGHTS**
**pai.org**

1300 19th Street NW, Suite 200
Washington, DC 20036-1624 USA
(202) 557 3400
www.pai.org • info@pai.org

@paiwdc
@pai_org
@pai_org